नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सङ्घीय मामिला शाखा

सिंहदरबार, काठमाण्डौ ।

प.सं.२०८०/८१

च.नं. २२८

मिति २०८०/१२/३०

ने.स. ११४४ चौलाथ्व ४, शुक्रवार

श्री इलाम जिल्ला निर्वाचन क्षेत्र नं. २ अन्तर्गतका, इलाम न.पा., देउमाई न.पा. माई न.पा., फाकफोकथुम गा.पा., माङ्सेबुङ गा.पा. र चुलाचुली गा.पा.।

श्री बझाङ जिल्ला निर्वाचन क्षेत्र नं. १ (क) अन्तर्गतका जयपृथ्वी न.पा., साइपाल गा.पा., सूर्मा गा.पा., तलकोट गा.पा., छबिस पाथिभेरा गा.पा., मस्टा गा.पा., खप्तड छिन्नमस्ता गा.पा. र थलारा गा.पा.।

विषयः सम्वत् २०८१ बैशाख १५ मा हुने उपनिर्वाचनका लागि सुरक्षा प्रबन्ध सम्बन्धमा।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको प.सं. ०८०-८१, च.नं. ६१६ मिति २०८०/१२/२७ को पत्रानुसार सम्बत् २०८१ साल बैशाख १५ गते हुने उपनिर्वाचनको लागि सुरक्षा प्रबन्ध सम्बन्धी प्राप्त पत्र पाना थान ३ (तीन) आवस्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८०।१२।३०

.....................

(हरिप्रसाद पौडेल)

शाखा अधिकृत

बोधार्थः

श्री निर्वाचन आयोग, नेपाल।

श्री जिल्ला समन्वय समिति इलाम र बझाङः आवस्यक सहजिकरण गरिदिनु हुन।

श्री सूचना प्रविधि शाखाः इलाम र बझाङ जिल्ला अन्तर्गतका उल्लिखित स्थानीय तहको ईमेलमा पठाउनुका साथै यस मन्त्रालयको website मा समेत upload गरिदिनु हुन।

फोनः४२००२८६,फ्याक्स नं.:४२००१०८/१०९/११० इमेलः federal.affairs1@gmail.com, वेबसाइटःwww.mofaga.gov.np,

प.सं. च.नं.१२७१:१-१८ क.प्र.)/२०८०/८१

मिति: २०८०/१२/२७
ने.स.११४४ चौलाथ्व ११ मंगलबार

श्रीमान् मुख्य सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४०६८
दर्ता मिति:- २०८०/१२/२८

**विषय :- उपनिर्वाचन सुरक्षाको प्रबन्ध सम्बन्धमा ।**

प्रस्तुत विषयमा सम्वत् २०८१ साल बैशाख १५ गते शनिबार सम्पन्न हुने उपनिर्वाचनको सुरक्षा प्रबन्ध सम्बन्धमा आयोगको मिति २०८०/१२/२७ को बैठकबाट देहाय बमोजिमको निर्णय भएको हुँदा आवश्यक कार्यार्थ निर्णयानुसार अनुरोध छ ।

**आयोगको निर्णय**

मिति २०८१/०१/१५ गते इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ र बझाङ जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं १(१) मा हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्ने गरी सुरक्षा व्यवस्थापन गर्न मिति २०८०/१२/२७ गते बसेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकको सिफारिस समेतका आधारमा देहाय बमोजिम गर्न निर्णय गर्ने ।

देहाय

१. निर्वाचन आयोग ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार, गृह मन्त्रालयमा लेखी पठाउने र गृह मन्त्रालयबाट प्रभावकारी सुरक्षा प्रबन्ध सहितको सुरक्षा योजना तयार गरी आयोगलाई जानकारी गराउन निर्देशन दिने।

२. मिति २०८१/१/१५ मा हुने इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ र बझाङ जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं १(१) मा उपनिर्वाचनका लागि मतदान तथा निर्वाचन सम्बन्धी व्यवस्थापकीय कार्य सञ्चालन गर्न मिति २०८१/१/१३ देखि मिति २०८१/१/१५ सम्म ३ दिनका लागि उपनिर्वाचन हुने क्षेत्रका मतदान स्थल तथा मतदान केन्द्र रहेका विद्यालयहरूको उपयोग गर्नुपर्ने भएकोले मिति २०८१/१/१३ देखि मिति २०८१/१/१४ सम्म २ दिनका लागि विद्यालयमा सार्वजनिक विदाको व्यवस्था मिलाउन मुख्य सचिव मार्फत नेपाल सरकारमा लेखि पठाउने।

३. आयोगको मिति २०८०/१२/२२ को निर्णयानुसार मतदानस्थल रहेका विद्यालयहरूमा मिति २०८१/१/१३ देखि मिति २०८१/१/१४ हुने राष्ट्रिय परीक्षा बोर्डबाट पूर्व निर्धारित वार्षिक परीक्षाहरू मतदान सामग्रीलाई सुरक्षित राखी उक्त अवधिमा शान्तिपूर्वक परीक्षा सञ्चालन गर्न र तत् पश्चात मतदान केन्द्र निर्माण लगायतका कार्यहरू गर्ने गराउने व्यवस्था मिलाउन सम्बन्धित जिल्लाका मुख्य निर्वाचन अधिकृत र प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिने।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np